# नेपाल बार एशोसिएशनद्वारा

## नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदा मा संशोधन गर्नका लागि प्रस्तुत राय तथा सुझाव

हटाउनुपर्ने : ~~हटाउनुपर्ने व्यवस्थालाई यसरी उल्लेख गरिएको छ।~~ थप गर्नुपर्ने : **थप गर्नुपर्ने व्यवस्थालाई यसरी राखिएको छ।**

| धारा | प्रारम्भिक मस्यौदामा भएको भएको व्यवस्था | परिमार्जनको लागि प्रस्तुत राय सुझाव | कारण |
|---|---|---|---|
| **प्रस्तावना** | हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता;<br>नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै;<br>राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै,<br>सामन्ती, निरंकुश, केन्द्रीकृत, एकात्मक र राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै;<br>बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने,<br>वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;<br>जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध रहँदै; | **हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता;**<br><br>**बिगतमा भएका सबै खाले विभेद, अन्याय र उत्पीडनका विरुद्धमा नेपाली जनताले पटक पटक गरेको शान्तिपूर्ण र शसस्त्र आन्दोलनमार्फत नेपाली समाजको आमूल परिवर्तन गरी समतामूलक समाजको निर्माण गर्ने उद्देश्यलाई आत्मसात गरी संघीय, समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने लक्ष्यकासाथ, विधिको शासन, मानवअधिकार, स्वतन्त्र न्यायपालिका र प्रेस स्वतन्त्रताप्रति प्रतिवद्ध रहँदै संविधानसभाद्वारा यो संविधान घोषणा गरी जारी गर्दछौं;** | मस्यौदाको भाषामा दोहोरोपन भएको, नकारात्मक विशेषताहरु समावेश गरिएको र लक्ष्य स्पष्ट रुपमा किटान नगरिएकोले । |

| | | | |
|---|---|---|---|
| | संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान जारी भएको घोषणा गर्दछौं । | | |
| | | **भाग-१**<br>**प्रारम्भिक** | |
| **धारा ४**<br>**४. नेपाल राज्य :** | (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ । | (१) नेपाल **एक** स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, **धार्मिक स्वतन्त्रतायुक्त**, समावेशी लोकतन्त्रात्मक, ~~समाजवाद उन्मुख,~~ **समतामूलक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक** गणतन्त्रात्मक ~~, बहुजातीय~~ राज्य हो । ~~जसलाई संक्षेपमा नेपाल भनिनेछ ।~~<br><br>थप<br>**(५) फौजदारी अभियोग लागेका कुनै पनि आरोपित व्यक्तिले अन्तिम तहको अदालतबाट सफाई पाएमा र निज थुनामा बसेको भएमा निजलाई कानुनमा व्यवस्था भएबमोजिम परिपुरण र क्षतिपूर्तिको व्यवस्था हुनेछ ।** | १. समाजबाद उन्मुख भन्ने पदावलीले अन्तरिम प्रकृतिको चरित्र ग्रहण गर्ने हुनाले स्थायी संविधानमा यस्तो व्यवस्था राख्नु उपयुक्त नभएको र समतामूलक समाजले समाजवादको आसयलाई समेट्ने हुनाले समाजवाद उन्मुखको सट्टा समतामूलक समाज राखिएको ।<br>२. जसलाई संक्षेपमा नेपाल भनिनेछ भन्ने शब्द राख्न आवश्यक नभएको किनकी संविधानको नामले नै यो नेपालको संविधान हो भन्ने अर्थबोध गरिसकेको । |
| | | **भाग-२**<br>**नागरिकता** | |
| **१०. नागरिकताबाट वञ्चित नगरिने :** | (२) नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ । | (२) नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकता **प्रदान गरिनेछ ।** ~~को व्यवस्था गरिएको छ ।~~ | व्यवस्था गरिएको छ भन्ने शब्दको सट्टा प्रदान गरिनेछ भन्ने शब्द राख्नु उपयुक्त हुने । |
| **१२. वंशजको आधारमा नागरिकता :** | | **नेपाली बाबु वा आमाबाट जन्मेका सन्तानले निजको आमा वा बाबुको नामबाट समानरुपमा नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट संवैधानिक व्यवस्था हुनुपर्ने ।** | **नेपाली बाबु वा आमाबाट जन्मेका सन्तानले निजको आमा** |

| | | | |
|---|---|---|---|
| | | | **वा बाबुको नामबाट समानरुपमा नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट संवैधानिक व्यवस्था हुनुपर्ने ।** |
| **भाग-३<br>मौलिक हक र कर्तव्य** | | | |
| **२१. सम्मानपूर्वक बाँच्न पाउने हक :** | (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।<br>(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन । | (१) प्रत्येक व्यक्तिलाई **जीवनको** ~~सम्मानपूर्वक बाँच्न पाउने~~ हक हुनेछ ।<br>**(२) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।**<br>(३) ~~कसैलाई पनि~~ मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन । | जीवनको हक र सम्मानपूर्वक बाँच्न पाउने हक अलग अलग भएको हुनाले मिलाइएको र कसैलाई पनि भन्ने शब्द नराख्दा पनि सहज अर्थबोध हुने भएको हुनाले सो शब्द हटाइएको । |
| **२२. स्वतन्त्रताको हक :** | (१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । | (१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा वा **सार्वजनिक सुरक्षा, सार्वजनिक स्वास्थ्य,** संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, ~~अपराध गर्न दुरुत्साहन गर्ने वा~~ सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । | अपराध गर्न दुरुत्साहन गर्ने भन्ने प्रतिवन्धात्मक वाक्यांशले स्वतन्त्रताको हकलाई संकुचित गर्ने र अपराध गर्न दुरुत्साहन गर्ने कार्यलाई प्रचलित फौजदारी कानुनले दण्डनीय बनाएकोले संविधानमा यो व्यवस्था राख्न आवश्यक नभएको । |
| **२३. समानताको हक :** | (२) सामान्य कानुनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।<br>(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा | (२) सामान्य कानुनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, ~~यौनिक अभिमुखीकरण,~~ शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।<br>~~(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।~~ | लिंग भन्ने शब्दले नै यौनिक अभिमुखीकरणलाई समेट्न हुनाले यौनिक अभिमुखीकरण भन्ने शब्द हटाइएको ।<br><br>उपधारा (२) ले नै |

| | | | |
|---|---|---|---|
| | वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । | | उपधारा (३) लाई समेटेको हुनाले उपधारा (३) आवश्यक नभएको । |
| **२४. आम सञ्चारको हक :** | (३) कानुन बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन । | (३) कानुन बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण **र आमसञ्चारका साधन तथा माध्यम** ~~तथा टेलिफोन लगायतका सञ्चार साधन~~ लाई अवरुद्ध गरिने छैन । | आमसञ्चारका साधन र माध्यममानै टेलिफोनलगायतका विषयहरु समावेश हुने । |
| **२५. न्याय सम्बन्धी हक :** | २५. न्याय सम्बन्धी हक :<br>तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।<br><br>स्पष्टीकरण : यस उपधाराको प्रयोजनको लागि “कानुन व्यवसायी” भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ ।<br><br>(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।<br><br>(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन । | २५. **फौजदारी** न्याय सम्बन्धी हक :<br>~~तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।~~<br><br>स्पष्टीकरण : यस उपधाराको प्रयोजनको लागि “कानुन व्यवसायी” भन्नाले कुनै **अड्डा** अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ ।<br><br>~~। तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।~~<br><br>(४) नयाँ थप :<br>धारा २५ को उपधारा (४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने<br>**... तर गम्भीर प्रकृतिको अपराधमा भूतप्रभावी कानुन बनाउन र सजायँ गर्न यस उपधाराले बाधार पुर्‍याएको मानिने छैन ।** | यो धारामा समावेश गरिएका सबै हकहरु फौजदारी न्यायसँग सम्बन्धित भएकोले सो अनुसार शिर्षक मिलाइएको ।<br><br>पक्राउ परेको व्यक्तिले पक्राउ परेको समयदेखि नै कानुनी परामर्शको हक प्राप्त गर्ने हुनाले अड्डासमेतमा प्रतिनिधित्वको अधिकारलाई सुनिश्चित गर्न अड्डा भन्ने शब्द लेखिएको ।<br><br>जुनसुकै कारणले पक्राउ भएको भएता पनि कानुनी परामर्श पाउने अधिकारलाई सुरक्षित गर्नका लागि यो व्यवस्था हटाइएको । |

| | | | |
|---|---|---|---|
| | | | जुनसुकै कारणले पक्राउ भएको भएता पनि कानुनी परामर्श पाउने अधिकारलाई सुरक्षित गर्नका लागि यो व्यवस्था हटाइएको ।<br><br>नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रि अनुबन्धको धारा १५ को अनुकुल हुने गरी बनाइएको । |
| **२७. यातना विरुद्धको हक :** | (१) थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । | (१) ~~थुनामा रहेको~~ कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । | थुनामा रहेको व्यक्तिलाई मात्र नभएर कुनै पनि व्यक्तिलाई यातना दिन नपाउने संवैधानिक व्यवस्थाको प्रत्याभूति गर्न र नेपाल पक्ष राष्ट्र भएको यातना विरुद्धको महासन्धि अनुरुप बनाउनका लागि । |
| **२८. निवारक नजरबन्द विरुद्धको हक :** | (२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनु पर्नेछ ।<br>तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । | (२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनु पर्नेछ ।<br>~~तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।~~ | आधुनिक अवधारणामा सत्रु राज्य घोषणा गर्न औचित्यपूर्ण नहुने भएकोले । |
| **२९. छुवाछूत तथा भेदभाव विरुद्धको हक :** | (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । | २९. छुवाछूत ~~तथा भेदभाव~~ विरुद्धको हक : (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । | भेदभाव विरुद्धको हक धारा २३ (२) मा समावेश भइसकेकोले यहाँ दोहोर्‍याउन नपर्ने । |
| **३०. सम्पत्तिको हक :** | (१) प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>(२) प्रगतिशील करको मान्यता अनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा | (१) … … **तर, राज्यले कानुनबमोजिम आय स्रोतको आधारमा कर लगाउन यो उपधाराले बाधा पुर्‍याएको मानिने छैन ।**<br>~~(२) प्रगतिशील करको मान्यता अनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।~~ | कर लगाउने कुरा मौलिक हक नभई राज्यको नीतिसँग सम्बन्धित विषय भएकाले |

| | | | |
|---|---|---|---|
| | आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।<br>(३) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानुनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन । | (३) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । ~~तर कुनै पनि व्यक्तिले गैरकानुनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।~~ | सो अनुरुप मिलाइएको ।<br><br>प्रतिबन्धात्मक वाक्यांसको यो व्यवस्थालाई भ्रष्टाचार निवारण ऐन र सम्पत्ति शुद्धिकरण ऐनद्वारा व्यवस्थित गर्न सकिने । |
| **३१. धार्मिक स्वतन्त्रताको हक :** | (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ | (१) प्रत्येक व्यक्तिलाई आफ्नो ~~आस्था अनुसार~~ धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने ~~तथा कुनै धर्मबाट अलग रहने~~ स्वतन्त्रता हुनेछ । | धारा २३ को समानताको हकमा नै समावेश भइसकेको हुँदा यहाँ यो शब्द उल्लेख गर्नु नपर्ने । |
| **३२. सूचनाको हक :** | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ । तर यस धाराको व्यवस्थाले कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने, प्राप्त गर्ने **र प्रवाह गर्ने** हक हुनेछ । तर यस धाराको व्यवस्थाले कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । | यो धारामा सूचना प्रवाह गर्ने अधिकारसमेत सुरक्षित गर्न आवश्यक भएकोले । |
| **३६. शिक्षा सम्बन्धी हक :** | (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।<br><br>(४) दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ । | (१) प्रत्येक नागरिकलाई ~~आधारभूत~~ शिक्षा~~मा पहुँच~~ को हक हुनेछ ।<br><br>(४) दृष्टिविहीन **लगायत अन्य अपाङ्गता भएका** व्यक्तिलाई **उपयुक्त** ~~ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको~~ माध्यमबाट कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ । | सबै नागरिकलाई शिक्षाको हकको प्रत्याभूति गर्नु आवश्यक भएकोले ।<br><br>ब्रेल लिपि एउटा साधन मात्र भएकोले त्यसमामात्र सिमित हुनु औचित्यपूर्ण नभएको । |
| **३८. रोजगारीको हक :** | (१) ...<br>तर यस उपधारा बमोजिम रोजगारी उपलब्ध नहुँदासम्म बेरोजगार नागरिकलाई कानुन बमोजिम बेरोजगार भत्ता पाउने हक हुनेछ । | ~~तर यस उपधारा बमोजिम रोजगारी उपलब्ध नहुँदासम्म बेरोजगार नागरिकलाई कानुन बमोजिम बेरोजगार भत्ता पाउने हक हुनेछ ।~~ | यो प्रतिबन्धात्मक व्यवस्थालाई धारा ४७ ले समेटेको हुँदा यहाँ उल्लेख गरिरहनु नपर्ने । |
| **४३. महिलाको हक :** | (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ ।<br>(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको आधारमा भ्रूणहत्या गर्ने कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । | (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान ~~वंशीय~~ हक हुनेछ ।<br><br>(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन **तथा प्रजनन स्वास्थ्य** सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको आधारमा भ्रूणहत्या गर्ने कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । | वंशीय हक भन्ने कुरा अपरिभाषित र दार्शनिक सैद्धान्तिक आधार नभएको हुँदा हटाउन उपयुक्त भएको ।<br><br>स्वास्थ्य भन्ने शब्द छुट |

| | | | |
|---|---|---|---|
| | | | भएकोले । |
| **४४. बालबालिकाको हक :** | (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ । | (८) प्रत्येक बालबालिकालाई ~~बाल अनुकूल~~ **बालमैत्री** न्यायको हक हुनेछ । | बाल अनुकूलभन्दा बालमैत्री भन्ने शब्द उपयुक्त भएकोले । |
| **भाग-४<br>राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व** | | **मौलिक हकमा भएका सबै व्यवस्थाहरु यो भागबाट हटाउने ।** | |
| **भाग-५<br>राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट** | | | |
| **६०. राज्यको संरचना :** | (३) पहिचानका जातीय/समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरता र सामार्थ्यका आर्थिक अन्तरसम्वन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलव्धता र प्रशासनिक सुगमताका आधारमा नेपालमा आठ प्रदेश रहने छन् । प्रदेशको सीमांकन सम्बन्धी सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । त्यस्तो आयोगको कार्यकाल छ महीनाको हुनेछ । | (३) पहिचानका जातीय/समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरता र सामार्थ्यका आर्थिक अन्तरसम्वन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलव्धता र प्रशासनिक सुगमताका आधारमा नेपालमा आठ प्रदेश रहने छन् । ~~**प्रदेशको सीमांकन सम्बन्धी सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । त्यस्तो आयोगको कार्यकाल छ महीनाको हुनेछ ।**~~ | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ ले निर्दिष्ट गरेबमोजिम प्रदेशको सीमांकन र नामाकंन सहितको संविधान जारी गर्नुपर्ने । |
| **भाग–६<br>राष्ट्रपति र उपराष्ट्रपति** | | | |
| **६५. राष्ट्रपति :** | (१) नेपालमा एक राष्ट्रपति रहनेछ । | (१) नेपालमा एक राष्ट्रपति **र उपराष्ट्रपति** रहनेछ । **राष्ट्रपति र उपराष्ट्रपति मध्ये एक महिला हुनुपर्नेछ ।** | लैंगिक समानता कायम गर्न आवश्यक भएकोले । |
| **६६. राष्ट्रपतिको निर्वाचन :** | (५) उपधारा (४) बमोजिम दोस्रो चरणको मतदानमा कुल सदर मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार राष्ट्रपतिमा निर्वाचित भएको मानिनेछ ।<br>तर त्यस्तो निर्वाचनमा दुई उम्मेदवारहरु बीच मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ । | (५) ...<br>~~तर त्यस्तो निर्वाचनमा दुई उम्मेदवारहरु बीच मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ ।~~ | प्रतिवन्धात्मक बाक्यांसलाई हटाइएको । निर्वाचक मण्डलका सदस्यहरुको मत भार फरक फरक हुने भएकोले बराबरी मतको अवस्था नै नआउने । |
| **७०. राष्ट्रपतिको काम कर्तव्य र अधिकार :** | (च) न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीबाट कानुन बमोजिम भएको सजाय माफी, मुल्तवी र कम गर्ने ।<br>(२) राष्ट्रपतिबाट यो संविधान र कानुन बमोजिम कुनै निकाय वा | | **धारा ७० (२) ले कार्यकारिणी अधिकार मन्त्री परिषद्मा निहित रहने आधारभूत** |

| | | | |
|---|---|---|---|
| | पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने सबै कार्य मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट हुनेछ। त्यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ। | | **सिद्धान्तलाई स्वीकार गरेको हुनाले संविधानका विभिन्न धाराहरुमा मन्त्रीपरिषद्को वा अन्य निकायको सिफारिसमा भनिरहनु नपर्ने हुँदा सो बमोजिम विभिन्न धाराहरुमा मिलाइनुपर्ने।** |
| **भाग-७<br>संघीय कार्यपालिका** | | | |
| **८४. राष्ट्रपतिलाई जानकारी दिने :** | (क) मन्त्रिपरिषदका निर्णय, | (क) ~~मन्त्रिपरिषदका निर्णय,~~ नेपाल राज्यको शासन व्यवस्था सम्बन्धी मन्त्रिपरिषद्का निर्णयहरु, | मन्त्रिपरिषद्का निर्णयका सबै विषयहरु राष्ट्रपतिसमक्ष पेश गरिनु आवश्यक नभएको। |
| **भाग-८<br>संघीय व्यवस्थापिका** | | | |
| **८८. प्रतिनिधिसभाको गठन :** | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ।<br>स्पष्टीकरण : "खस आर्य" भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) समुदाय सम्झनु पर्छ। | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ। **त्यसरी कानुन बनाउँदा अन्य कुराका अतिरिक्त सम्बन्धित दललाई खसेको मूल मतबाट न्यूनतम् पाँच प्रतिशतसम्म मत ल्याउने व्यक्तिमात्र विजयी हुन सक्ने न्यूनतम मतबिन्दु (थ्रेस होल्ड) को व्यवस्था गरिनेछ।**<br>स्पष्टीकरण : "खस आर्य" भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) समुदाय सम्झनु पर्छ। | थ्रेस होल्डको व्यवस्था राख्न आवश्यक र उपयुक्त भएकोले। |
| **१०४. विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था :** | (२) प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतको लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नु पर्नेछ।<br><br>(४) प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन।<br>तर प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक | (२) प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता **लिई प्रधानमन्त्री अल्पमतमा पर्न सक्ने देखिएमा** ~~लिएमा~~ तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतको लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नु पर्नेछ।<br><br>(४) प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन।<br>तर प्रधानमन्त्री नियुक्त भएको पहिलो **एक** ~~दुई~~ वर्षसम्म र एक पटक राखेको | प्रधानमन्त्री बहुमतमा रही रहने अवस्थामा तात्विक भिन्नता नहुने भएमा विश्वासका मत लिइरहनु आवश्यक नभएको।<br><br>दुइ वर्षको लामो अवधिसम्म प्रधानमन्त्री संसदमा अल्पमतमा |

| | | | |
|---|---|---|---|
| | राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन । | अविश्वासको प्रस्ताव असफल भएको अर्को **छ महिना** ~~एक वर्ष~~ भित्र अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन ।<br><br>**(८) प्रतिनिधि सभाको बिघटन : उपधारा (३) बमोजिम प्रधानमन्त्रीका विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता भएको अवस्थामा बाहेक प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटन गर्न सक्नेछ ।** | परेको अवस्थामा पनि निजले कार्य सञ्चालन गरिरहने व्यवस्था उपयुक्त नभएको ।<br><br>संसदीय व्यवस्थामा प्रतिनिधिसभा बिघटन गर्न पाउने प्रधानमन्त्रीको विशेषाधिकार भएकोले सो अनुरुप मिलाइ थप गरिएको । |
| **१०५. महाभियोग :** | (७) महाभियोग सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ । | (७) **उपधारा (२) बमोजिम महाभियोगको प्रस्ताव दर्ता भएको पदाधिकारीलाइ सुनुवाइको मौकाबाट बञ्चित गरिनेछैन** र महाभियोग सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ । | सुनुवाइको मौका दिन आवश्यक भएकोले । |
| **भाग-११**<br>**न्यायपालिका** | | | |
| **१३२. सर्वोच्च अदालत :** | (२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहत रहने छन । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको हुनेछ ।<br><br>(५) सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा चौध जना न्यायाधीश रहनेछन् । सर्वोच्च अदालतमा मुद्दाको चाप बढ्न गएमा केही समयको लागि उच्च अदालतका मुख्य न्यायाधीशलाई सर्वोच्च अदालतमा काममा लगाउन सकिनेछ । | (२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहत रहने छन । **धारा १४१ बमोजिम संवैधानिक अदालतले निरुपण गरेको बिबाद र विषय बाहेक** संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको हुनेछ ।<br><br>(५) सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त **मुद्दाको चाप र कार्यबोझका आधारमा** बढीमा ~~चौध~~ **एक्काइस** जना न्यायाधीश रहनेछन् । ~~सर्वोच्च अदालतमा मुद्दाको चाप बढ्न गएमा केही समयको लागि उच्च अदालतका मुख्य न्यायाधीशलाई सर्वोच्च अदालतमा काममा लगाउन सकिनेछ ।~~ | संवैधानिक अदालतले गरेको निर्णय पुन: समान तहको अदालतमा न्यायिक परीक्षण गर्न उपयुक्त नहुने ।<br><br>सर्वोच्च अदालतमा उच्च अदालतका न्यायाधीशहरुलाई अस्थायी रुपमा काममा लगाउन उपयुक्त नभएकोले । |
| **१३३. सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता :** | (२) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति सर्वोच्च अदालतको प्रधान न्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुनेछ ।<br>(४) कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा सात वर्ष काम गरेको वा कानुनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र | (२) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम ~~गरेको~~ **गरी उच्च नैतिक चरित्र भएका** व्यक्ति सर्वोच्च अदालतको प्रधान न्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुनेछ ।<br><br>(४) कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा सात वर्ष काम गरेको वा कानुनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा ~~पन्ध्र~~ **बीस** वर्ष निरन्तर वकालत | उच्च नैतिक चरित्र भएको व्यक्ति मात्र प्रधानन्यायाधीश हुन उपयुक्त भएको<br><br>निजामति कर्मचारीहरुको न्याय सम्पादन गर्ने |

| | | | |
|---|---|---|---|
| | वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ । स्पष्टीकरण : यो संविधान लागू हुनुभन्दा पहिले पुनरावेदन अदालतमा न्यायाधीश भई काम गरेको अवधिलाई यो उपधाराको प्रयोजनको लागि उच्च अदालतको न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिनेछ । | गरेको वा कम्तीमा ~~पन्ध्र~~ **बीस** सम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरेको ~~वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको~~ **उच्च नैतिक चरित्र भएको** नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ । स्पष्टीकरण : यो संविधान लागू हुनुभन्दा पहिले पुनरावेदन अदालतमा न्यायाधीश भई काम गरेको अवधिलाई यो उपधाराको प्रयोजनको लागि उच्च अदालतको न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिनेछ । | कार्यमा प्रत्यक्ष संलग्नता नहुने कारणले त्यस्ता कर्मचारीहरु सिधै सर्वोच्च अदालतको न्यायाधीशको रुपमा नियुक्त गर्न उपयुक्त नभएको र अन्य संवैधानिक निकायमाजस्तै सर्वोच्च अदालतको न्यायाधीश हुन पनि उच्च नैतिक चरित्र भएको व्यक्ति हुनुपर्ने । |
| **धारा १४१** | (ग) सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका र कानुनमा स्नातकोत्तर उपाधि प्राप्त गरेका व्यक्तिहरु मध्येबाट न्याय परिषदको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त दुई जना - सदस्य<br><br>(५) संवैधानिक अदालत यो संविधान प्रारम्भ भएको दश वर्षसम्म कायम रहनेछ । सो अवधि पछि संवैधानिक अदालतमा विचाराधीन मुद्दा तथा अभिलेख सर्वोच्च अदालतमा सर्नेछ । | (ग) सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका ~~र कानुनमा स्नातकोत्तर उपाधि प्राप्त गरेका~~ व्यक्तिहरु मध्येबाट न्याय परिषदको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त दुई जना -सदस्य | अध्यक्ष र अन्य दुइ सदस्यको शैक्षिक योग्यतासँग मिलान गर्नका लागि ।<br><br>संवैधानिक विवादको निरुपणको लागि निश्चित अधिकारक्षेत्रसहित स्थायी रुपमा संवैधानिक अदालतको स्थापना गर्न वा सर्वोच्च अदालतमा नै संवैधानिक विवाद हेर्न अलग्गै न्यूनतम् पाँच सदस्यीय स्थायी प्रकृतिको संवैधानिक बेञ्च स्थापना उपयुक्त हुने । |
| **१४३. उच्च अदालत :** | (३) प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त संघीय कानुनमा व्यवस्था भए बमोजिमको संख्यामा न्यायाधीशहरू रहनेछन् । | (३) प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त **मुद्दाको चाप र कार्यबोझका आधारमा** **बढीमा दश जना** ~~संघीय कानुनमा व्यवस्था भए बमोजिमको संख्यामा~~ न्यायाधीशहरू रहनेछन् । | न्यायाधीशको संख्या संविधानमा नै तोक्नु न्यायिक सिद्धान्तअनुकूल हुने । |
| **१४४. उच्च अदालतका मुख्य न्यायाधीश तथा** | (२) कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक वरिष्ठ | (२) कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशको पदमा कम्तीमा ~~पाँच~~ **सात** वर्ष काम गरेको वा कानुनमा स्नातक वरिष्ठ अधिवक्ता वा | उच्च अदालतलाई असाधारण अधिकार |

| | | | |
|---|---|---|---|
| **न्यायाधीशको नियुक्ति र योग्यता :** | अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा दश वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको नेपाली नागरिक उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीश पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।<br>(३) उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति गर्दा उपधारा (२) बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट जिल्ला न्यायाधीशको हकमा निजले वार्षिक रुपमा फैसला गरेको मुद्दाको अनुपात र माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा मुद्दा सदर भएको वा उल्टिएको अवस्था समेतको आधार र अन्यको हकमा कानुन बमोजिम परीक्षण र मूल्याकंनको आधारमा नियुक्ति गरिनेछ । | अधिवक्ताको रूपमा कम्तीमा ~~दश~~ **पन्ध्र** निरन्तर वकालत गरेको वा कम्तीमा ~~दश~~ **पन्ध्र** वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा ~~पाँच~~ **आठ** वर्ष काम गरेको **उच्च नैतिक चरित्र भएको** नेपाली नागरिक उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीश पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।<br>(३) उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति गर्दा उपधारा (२) बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट ~~जिल्ला न्यायाधीशको हकमा निजले वार्षिक रुपमा फैसला गरेको मुद्दाको अनुपात र माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा मुद्दा सदर भएको वा उल्टिएको अवस्था समेतको आधार र अन्यको हकमा~~ कानुन बमोजिम परीक्षण र मूल्याकंनको आधारमा नियुक्ति गरिनेछ । | क्षेत्रको अधिकार दिएको सन्दर्भमा पन्ध्र वर्ष गर्न उचित भएकोले ।<br>उच्च अदालतमा नियुक्त हुन योग्यता पुगेका सबै क्षेत्रका योग्य व्यक्तिहरुलाई समान व्यवस्था गर्न उचित भएको । |
| **१४८. उच्च अदालतको अधिकार क्षेत्र :** | (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरूपणको लागि आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका सरकार, पदाधिकारी, निकाय वा व्यक्तिका नाउँमा आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ । | (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरूपणको लागि **वा प्रदेश सभाले बनाएको कानुन संविधानसँग वा संघीय संसदले बनाएको कानुन प्रदेश सभाले बनाएको कानुनसँग बाझिएको भन्ने प्रश्नको निरुपणको लागि** आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका सरकार, पदाधिकारी, निकाय वा व्यक्तिका नाउँमा आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ । | उच्च अदालतलाई सम्बन्धित तहको व्यवस्थापिकाले बनाएको कानुनको संवैधानिकताको परीक्षण गर्ने अधिकार क्षेत्र दिइनु उपयुक्त भएको । |
| **१५०. बहस पैरवी गर्न पाउने :** | उच्च अदालतको न्यायाधीश भई सेवानिवृत्त भएको व्यक्तिले आफूले न्यायाधीशको हैसियतमा सेवा गरेका उच्च अदालत र मातहतका अदालत बाहेक अन्य उच्च अदालत र सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छ । | १५०. बहस पैरवी गर्न पाउने : उच्च अदालतको न्यायाधीश भई सेवानिवृत्त भएको व्यक्तिले ~~आफूले न्यायाधीशको हैसियतमा सेवा गरेका उच्च अदालत र मातहतका अदालत बाहेक अन्य उच्च अदालत र~~ कानुनमा व्यवस्था भएबमोजिम सर्वोच्च अदालतमा **मात्र** उपस्थित भई बहस पैरवी गर्न पाउने छ । | समान अदालतमा न्यायाधीश भई कार्य सम्पादन गरीसकेपछि फेरी सोही तहको अदालतमा बहस पैरबी गर्नु उचित नहुने । |
| **धारा १५१** | १५१. मुख्य न्यायाधीशको जिम्मेवारी : उच्च अदालतको क्षेत्राधिकार भित्रको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी मुख्य न्यायाधीशको हुनेछ र सो प्रयोजनको लागि निजले यस संविधान तथा अन्य कानुनको अधीनमा रही उच्च अदालत, मातहतका अदालत तथा न्यायिक निकायहरूलाई | | |

| | | | |
|---|---|---|---|
| | आवश्यक निर्देशन दिन सक्नेछ । | | |
| **१५३. जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्त :** | (२) कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा आठ वर्ष वा द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेको वा कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर आठ वर्ष काम गरेको नेपाली नागरिक जिल्ला अदालतको न्यायाधीश पदको लागि हुने प्रतियोगितात्मक परीक्षाको उम्मेदवार हुन योग्य हुनेछ । | (२) कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा आठ वर्ष वा द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेको वा कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर आठ वर्ष काम गरेको **उच्च नैतिक चरित्र भएको** नेपाली नागरिक जिल्ला अदालतको न्यायाधीश पदको लागि हुने प्रतियोगितात्मक परीक्षाको उम्मेदवार हुन योग्य हुनेछ । | उच्च नैतिक चरित्रलाई संविधानमा नै उल्लेख गर्न वान्छनीय देखिएको । |
| **धारा १५९** | १५९. प्रदेश स्तरीय न्याय सेवा आयोग सम्बन्धी व्यवस्था : प्रदेशमा न्याय सेवाको गठन र त्यसका कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था कानुन बमोजिम हुनेछ । | | |
| **भाग-१२<br>प्रादेशिक कार्यपालिका** | | | |
| **१६२. प्रदेश प्रमुखको योग्यता :** | (क) पैंतीस वर्ष उमेर पूरा भएको, | (क) **स्नात्तक तह उत्तीर्ण गरी** पैंतीस वर्ष उमेर पूरा भएको, | राष्ट्रपतिद्वारा मनोनित हुने पद भएकोले न्यूनतम् शैक्षिक योग्यता निर्धारण गरिन उपयुक्त हुने । |
| **१६४. प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार :** | (ङ) प्रादेशिक कानुन बमोजिम सम्बन्धित उच्च अदालत र मातहतका अदालतबाट भएको सजायलाई माफी, मुल्तबी वा कम गर्ने । | ~~(ङ) प्रादेशिक कानुन बमोजिम सम्बन्धित उच्च अदालत र मातहतका अदालतबाट भएको सजायलाई माफी, मुल्तबी वा कम गर्ने ।~~ | धारा २७१ बमोजिम यो अधिकार राष्ट्रपतिद्वारा प्रयोग गर्ने भएकोले यो व्यवस्था हटाउन उपयुक्त । |
| **भाग-१३<br>प्रादेशिक व्यवस्थापिका** | | | |
| **१७५. प्रदेश सभाको गठन :** | (४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल र जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ ।<br>स्पष्टीकरण : “खस आर्य” भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी | (४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल र **सम्बन्धित प्रदेशमा स्थायी बसोबास भएको** जनसंख्याको ~~आधार~~ **अनुपात**मा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ ।<br>**त्यसरी कानुन बनाउँदा अन्य कुराका अतिरिक्त सम्बन्धित दललाई खसेको मूल** | सबै प्रदेशहरुमा सबै जातीय समुदायको समान उपस्थिति नभएकोले सो अनुरुप मिलाउन आवश्यक भएकोले । साथै प्रदेश सभामा न्यूनतम् तीन प्रतिशत |

| | | | |
|---|---|---|---|
| | (दशनामी) समुदाय सम्झनु पर्छ | **मतबाट न्यूनतम् तीन प्रतिशतसम्म मत ल्याउने ब्यक्तिमात्र विजयी हुन सक्ने न्यूनतम मतबिन्दु (थ्रेस होल्ड) को व्यवस्था गरिनेछ ।** | थ्रेस होल्ड राख्न उपयुक्त भएकोले । |
| **१८७. विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था :** | (४) प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाइ सदस्यले मुख्यमन्त्रीमाथि प्रदेश सभाको विश्वास छैन भनी लिखितरुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>तर मुख्य मन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र त्यस्तो अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन । | | **धारा १०४ को उपधारा (२) अनुकूल हुने गरी संशोधन गरिनुपर्ने ।** |
| **धारा १८८** | १८८. मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले प्रदेश सभाको बैठकमा भाग लिन पाउने : मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले प्रदेश सभा र त्यसको समितिको बैठकमा उपस्थित हुन र कारबाही तथा छलफलमा भाग लिन पाउनेछ ।<br>तर प्रदेश सभाको सदस्य नभएको मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीले प्रदेश सभाको<br>बैठकमा वा त्यसको समितिमा मतदान गर्न र प्रदेश सभाको सदस्य रहेको मन्त्री, राज्यमन्त्री वा<br>सहायक मन्त्रीले आफू सदस्य रहेको समिति बाहेकको समितिको बैठकमा मतदान गर्न पाउने छैन । | | |
| **भाग-१६<br>स्थानीय कार्यपालिका** | | | |
| **२१३. गाउँ कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था** | (२) उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपप्रमुख र पन्ध्र जना सदस्य रहनेछन् ।<br><br>(४) गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरुले धारा २२१ बमोजिम निर्वाचित गरेका वडा अध्यक्षहरु र सदस्यहरु गाउँ कार्यपालिकाका पदेन सदस्य हुनेछन् । | (२) उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपप्रमुख र **कम्तिमा** पन्ध्र जना सदस्य रहनेछन् ।<br><br>(४) गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र ~~गाउँ सभाका सदस्यहरुले~~ धारा २२१ बमोजिम निर्वाचित गरेका वडा अध्यक्षहरु र सदस्यहरु गाउँ कार्यपालिकाका पदेन सदस्य हुनेछन् । | गाविसहरु एकीकरण भई संख्या घट्दा वडा सख्या बृद्धि हुने भएकाले कम्तिमा भन्ने शब्द थप गर्नुपर्ने ।<br><br>वडा अध्यक्ष प्रत्यक्ष निर्वाचित गरिने भएकाले |
| **२१४. नगर कार्यपालिका प्रमुख र** | (४) नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरुले धारा २२२ | (४) नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र ~~नगर सभाका सदस्यहरुले~~ धारा २२२ बमोजिम निर्वाचित गरेका वडा | वडा अध्यक्ष प्रत्यक्ष निर्वाचित गरिने भएकाले |

| | | | |
|---|---|---|---|
| **उपप्रमुख सम्बन्धी व्यवस्था :** | बमोजिम निर्वाचित गरेका वडा अध्यक्षहरु र सदस्यहरु नगर कार्यपालिकाका पदेन सदस्य हुनेछन् । | अध्यक्षहरु र सदस्यहरु नगर कार्यपालिकाका पदेन सदस्य हुनेछन् । | |
| **भाग-१७**<br>**स्थानीय व्यवस्थापिका** | | | |
| **२२१. गाउँसभाको गठन :** | (३) गाउँसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट प्रत्येक वडाबाट निर्वाचित भएका पाँचजना सदस्य मध्ये एक जनालाई गाउँ कार्यपालिकाको सदस्य निर्वाचित गरिनेछ । त्यस्तो सदस्य सम्बन्धित वडाको पदेन अध्यक्ष हुनेछ । प्रत्येक वडामा वडा अध्यक्ष र सोही वडाबाट निर्वाचित सदस्यहरु रहेको वडा समिति गठन हुनेछ । | | **वडा अध्यक्षको प्रत्यक्ष निर्वाचन हुने व्यवस्था गर्ने गरी मिलाउनु पर्ने ।** |
| **२२२. नगरसभाको गठन :** | (३) नगरसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यसंख्याको बहुमतबाट प्रत्येक वडाबाट निर्वाचित भएका पाँच जना सदस्य मध्ये एक जनालाई नगर कार्यपालिकाको सदस्यमा निर्वाचित गरिनेछ र त्यस्तो सदस्य सम्बन्धित वडाको पदेन अध्यक्ष हुनेछ । प्रत्येक वडामा वडा अध्यक्ष र सोही वडाबाट निर्वाचित सदस्यहरु रहेको वडा समिति गठन हुनेछ । | | **वडा अध्यक्षको प्रत्यक्ष निर्वाचन हुने व्यवस्था गर्ने गरी मिलाउनु पर्ने ।** |
| **भाग-२५**<br>**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग** | | | |
| **२४९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग :** | | | **• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग एउटै भागमा दुइवटा आयोग छुट्याउन' पर्ने । नितान्त फरक प्रकृतिको भएको हुँदा एउटै आयोग बनाउनु नहुने ।**<br>**• आयोग दुवै छुट्टै बनाई पाँच सदस्यीयको सट्टा तीन सदस्यी हुनुपर्ने** |

| | | | |
|---|---|---|---|
| | | | । <br>• **प्राकृतिक स्रोत आयोगको अध्यक्षतामा प्राकृतिक स्रोतका विज्ञ हुनुपर्ने । र वित्तीय आयोगको अध्यक्षमा वित्तीय विज्ञ हुनुपर्ने ।** <br>• **विवाद समाधानका क्षेत्राधिकार हटाउनु नहुने ।** <br>• **योग्यतामा कम्तिमा १५ वर्षको अनुभव थपिनुपर्ने ।** |
| **भाग–२९ महान्यायाधिवक्ता** | | | |
| **२५८. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार :** | (१) महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ । संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ । | (१) महान्यायाधिवक्ता नेपाल ~~सरकार~~ **राज्य**को मुख्य कानुनी सल्लाहकार हुनेछ । संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ । | महान्यायाधिवक्ता सरकारको मात्र नभएर राज्यकै कानुनी सल्लाहकार हुने भएकोले सो अनुरुप मिलाइएको । |
| **२६०. मुख्य न्यायाधिवक्ता :** | (५) मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य सल्लाहकार हुनेछ र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्यन्यायाधिवक्ताको कर्तव्य हुनेछ । | (५) मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य **कानुनी** सल्लाहकार हुनेछ र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्यन्यायाधिवक्ताको कर्तव्य हुनेछ । | मुख्य न्यायाधिवक्ता कानुनी सल्लाहकार नै हुने भएकोले सो अनुरुप मिलाउनुपर्ने । |
| **भाग-३० राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था** | | | |
| **२६१. राष्ट्रिय सुरक्षा परिषद :** | | नयाँ थप (१) (च) <br>**(च) नेपाली सेनाको प्रधानसेनापति पदने सदस्य रहनेछ ।** | सेनाको परिचालन, नियन्त्रण र निर्देशन सुरक्षा परिषद्बाटै हुने भएकोले |

| | | | |
|---|---|---|---|
| | | | प्रधानसेनापतिलाई पदेन सदस्यमा राखिनु आवश्यक भएकोले । |
| **भाग-३४**<br>**विविध** | | | |
| **२७४. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन :** | | नयाँ थप<br>**२ (ङ) जलस्रोतको उपयोग र त्यसको बाँडफाँडसँग सम्बन्धि वा करार सन्धी सम्झौता गर्दा स्वदेशी व्यक्ति वा संस्था बाहेकका अन्य व्यक्ति वा संस्थालाई लगानी गर्न दिने सम्बन्धी सम्झौता ।** | दुइ सरकारका बीचमा हुने यस प्रकृतिको सम्झौतामा संसदको दुइ तिहाइको समर्थन आवश्यक पर्ने तर सोही काम बिदेशी निजी वा व्यापारिक कम्पनीले गर्दा संसदले अनुमोदन गर्नु नपर्ने असंगतिपूर्ण व्यवस्थालाई संगतिपूर्ण बनाउनका लागि । |
| **२८२. पदाधिकारीको नागरिकता सम्बन्धी विशेष व्यवस्था :** | (२) उपधारा (१) मा उल्लिखित पद बाहेक अन्य संवैधानिक निकायको पदमा यस संविधान बमोजिम नियुक्तिको लागि योग्य हुन अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको कम्तीमा दश वर्ष, जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको, धारा १३ को उपधारा (२) बमोजिमको अङ्गीकृत नेपाली नागरिक प्राप्त गरेको वा नेपालको नागरिकता त्याग गरी पुन: वंशजको आधारमा नेपालीनागरिकता प्राप्त गरेको नागरिकले कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ । | ~~(२) उपधारा (१) मा उल्लिखित पद बाहेक अन्य संवैधानिक निकायको पदमा यस संविधान बमोजिम नियुक्तिको लागि योग्य हुन अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको कम्तीमा दश वर्ष, जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको, धारा १३ को उपधारा (२) बमोजिमको अङ्गीकृत नेपाली नागरिक प्राप्त गरेको वा नेपालको नागरिकता त्याग गरी पुन: वंशजको आधारमा नेपालीनागरिकता प्राप्त गरेको नागरिकले कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ ।~~<br>**(२) संवैधानिक निकायको पदाधिकारी तथा सदस्य हुन आमा र बाबु दुवै नेपाली नागरिक (बंशजका आधारमा नेपाली नगारिकता प्राप्त गरेको) हुनुपर्ने ।** | वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिमात्रै नियुक्त हुन आवश्यक भएकोले । |
| **२८३. संसदीय सुनुवाई सम्बन्धी व्यवस्था :** | (३) उपधारा (२) बमोजिमको संयुक्त समितिमा रहने सदस्यले संघीय संसद्को उक्त कार्यकालभर सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन । | ~~(३) उपधारा (२) बमोजिमको संयुक्त समितिमा रहने सदस्यले संघीय संसद्को उक्त कार्यकालभर सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन ।~~ | संसदको सदस्य भएका कुनै पनि व्यक्ति आफ्नो पदमा बहाल रहन्जुलेसम्म कानुनव्यवसाय गर्न नपाउने गरी व्यवस्था गरिनुपर्ने भएकोले हटाउन उपयुक्त हुने । |
| **२८४. संवैधानिक** | संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति | संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र | यो व्यवस्थाले संवैधानिक |

| | | | |
|---|---|---|---|
| **निकायको काम कारबाहीको अनुगमन र मूल्याङ्कन :** | उत्तरदायी र जवाफदेही रहनु पर्नेछ। संवैधानिक निकायको काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन प्रतिनिधिसभाको सम्बन्धित समितिबाट हुनेछ। | जवाफदेही रहनु पर्नेछ। ~~संवैधानिक निकायको काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन प्रतिनिधिसभाको सम्बन्धित समितिबाट हुनेछ।~~ | निकायहरुको स्वायत्तता र कार्य सम्पादनमा प्रतिकूल असर पार्ने भएकोले यो व्यवस्था हटाउन उपयुक्त हुने। |
| **भाग-३५<br>संक्रमणकालीन व्यवस्था** | | | |
| **२९०. न्यायपालिका सम्बन्धी व्यवस्था :** | (२) ............. (हाल विद्यमान सबै तहका न्यायाधीशहरुको निरन्तरता वा पुनर्नियुक्ति सम्बन्धमा छलफल गरी टुंगो लगाउन बाँकी रहेको | **(२) नयाँ संविधान जारी भएपश्चात वर्तमान संविधानबमोजिम नियुक्त भएका सबै संवैधानिक अंगका प्रमुख तथा सदस्यहरुको पुनरनियुक्ति गरिने संवैधानिक व्यवस्था गरिनुपर्दछ।** | नयाँ संविधान घोषणा पश्चात ती निकायमा कार्यरत पदाधिकारीहरुलाई नयाँ संविधानप्रति प्रतिवद्ध बनाउन आवश्यक भएकोले। |
| **२९१. संवैधानिक निकाय र पदाधिकारी सम्बन्धी व्यवस्था :** | (३) ... ............... (हाल विद्यमान सबै संवैधानिक निकायका पदाधिकारीहरुको निरन्तरता वा पुनर्नियुक्ति सम्बन्धमा छलफल गरी टुंगो लगाउन बाँकी रहेको।) | **(३) नयाँ संविधान जारी भएपश्चात वर्तमान संविधानबमोजिम नियुक्त भएका सबै संवैधानिक अंगका प्रमुख तथा सदस्यहरुको पुनरनियुक्ति गरिने संवैधानिक व्यवस्था गरिनुपर्दछ।** | नयाँ संविधान घोषणा पश्चात ती निकायमा कार्यरत पदाधिकारीहरुलाई नयाँ संविधानप्रति प्रतिवद्ध बनाउन आवश्यक भएकोले। |

**नोट :**

१) राष्ट्रपति उपराष्ट्रपतिदेखि स्थानीय निकायको प्रमुख उपप्रमुखसम्म दुइमध्ये एक पद महिला अनिवार्य हुनुपर्ने।

२) सबै संवैधानिक अंगका पदाधिकारी तथा सदस्यको योग्यता मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उत्तीर्ण भएको।